

"स्वच्छ, शान्त, समृद्ध पर्यटकीय नगर बूढानीलकण्ठ"

# जननिर्वाचित प्रतिनिधिहरूको पदबहालपछि हालसम्म सम्पादन भएका कार्यहरूको संक्षिप्त प्रगति प्रतिवेदन

(आ.व. २०७४/०७५ देखि २०७८/०७९ को अर्ध वार्षिकसम्म)


## बूढानीलकण्ठ नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

हात्तीगौंडा, काठमाडौं, बागमती प्रदेश, नेपाल, फोन नं: ०१-४३७२७२५

ईमेल: budhanilkanthamun@gmail.com, वेब साईट: www.budhanilkanthamun.gov.np

## १.पृष्ठभूमि

नेपालको संबिधान, २०७२ बमोजिम संघीय गणतन्त्रात्मक राज्यको स्थापनाँसगै स्थानीय तहको निर्वाचन गरी स्थानीय तहको सरकार संञ्चालन योजनावद्ध, व्यवस्थित र प्रभावकारी वनाउने कुरा चुनौतीपूर्ण थियो। २०७१ मंसिरमा १६ गते यस क्षेत्रका ६ वटा गा.वि.स.हरुको एकिकृत गरी स्थापना गरिएको बूढानीलकण्ठ नगरपालिकाको शुरुवाती अवस्थामा नै २०७२ साल वैशाखमा १२ गएको महाभुकम्पको कारण नगरको संस्थागत विकास गर्नमा समस्या थपियो। तत्कालका वडा कार्यालयहरु पनि क्षतिग्रस्त भयो। शुरुमा १७ वटा वडा र पछि १३ वटा वडामा पूनः संरचना गरियो। भूकम्प पछिको पुर्ननिर्माणको कार्य शुरुमा केहि कठिनाई भएतापनि हालसम्म अधिकांश निर्माण सम्पन्न भैसकेको छ।

२०७४ सालको स्थानीय तहको निर्वाचनवाट निर्वाचित जनप्रतिनिधी, साविकका थोरै कर्मचारीहरुवाट स्थानीय सरकार संञ्चालन ऐन, २०७४ अनुसार कार्य गर्नु चुनौती पूर्ण रहयो। निर्वाचनको २ वर्ष पछि विस्तारै कर्मचारीहरुको व्यवस्था भई स्थानीय सरकार संञ्चालन ऐन, २०७४ अनुसार नियम कानुन पनि वनाई विस्तारै विकासको गति लिएको अवस्थामा २०७७ को विचमा विश्वब्यापी रुपमा कोभिड-१९ को महामारी शुरु भई विकासको गतिमा पूनः वाधा पुग्न गएको हामी सबैमा बिदितै छ। त्यस्तो जटिल अबस्थामा सवै विकास निर्माणको साथ साथै कार्य छोडेर जनताको जीउधनको सुरक्षामा केन्द्रित भई स्वास्थ्य सामाग्री, भ्याक्सिन लगायतका कार्यहरुलाई प्राथमिकतामा राखी कार्य गरियो।

बूढानीलकण्ठ नगरपालिका देशकै नगरपालिकामध्ये धेरै जनसंख्या रहेको दोस्रो नगरपालिका हो। यहाँ स्थानीय जनसंख्यालाई आधार मानेर भएका विकास निर्माण वा अन्य व्यवस्थापन काम गर्न कठिन छ। स्थायी र अस्थायी जनसंख्याहरुको भ्रूण्डै ३/४ लाख मानिसहरुको गतिविधी अनुसार योजना वनाउनुपर्ने अवस्था छ। शिक्षा, स्वास्थ्य, खानेपानी, सडक, वजार, व्यवस्थापन, सुरक्षाको प्रवन्धको चाप धेरै रहेको छ। सोही अनुसार शहरी व्यवस्थापन सरसफाई, फोहोरमैला लगाएता कार्यहरुलाई प्राथमिकतामा र ाखि कार्य गरेको छ र तथ्याङ्क र घर नं. सूचना प्रणाली व्यवस्थित गर्ने कुरा चुनौतीपूर्ण रहेको छ।

बूढानीलकण्ठ नगरपालिकाले ५ वर्ष भित्रमा आन्तरिक आय र संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान सहयोगमा ५ वर्षभित्र पूर्वाधारमा आधारभूत विकासमा फड्को मारेको छ। योजना र वजेट व्यवस्था भएपनि ठीक समयमा कार्यान्वयन गरी योजना सम्पन्न गर्ने संयन्त्र र क्षमता कमजोर नै रहेको छ। संघ, प्रदेश र स्थानीय तहको आफ्नै

धैरै वटा र साना खालका योजना धेरै छनौट गर्ने परिपाटीले असारमसान्तमा योजना सम्पन्न गर्ने चटारो र सम्पन्न हुन नसक्ने योजनाहरुलाई अर्को आर्थिक वर्षमा कार्य सक्ने गरी क्रमागत रुपमा सार्नुपर्ने कठिन अवस्था विद्यमान रहेको छ। जसले गर्दा तोकिएको समयमा तोकिएको लक्ष्य अनुरुप काम पूरा गर्न कठिन हुने स्थानीय तहको समस्याको रुपमा रहेको देखिन्छ। अरु संघिय र प्रदेश स्तरको योजना कार्यान्वयन त झनै ढिलो छ।

यस नगरपालिकाले साधन स्रोतले भ्याएसम्म अधिकतम काम गर्ने प्रयत्न गरेको छ। हामीले गरेका प्रतिवद्धता, जनताले धेरै काम एकैपटक गरिसक्ने अपेक्षा अनुरुप काम गर्न साधन स्रोतको कमी, कार्य गर्ने गराउने क्षमता वृद्धि नहुनु, महामारीले वाधा पुऱ्याउने आदि कारणवाट पुरा गर्न सकिएन। यद्यपी नगरपालिकावाट जनविरोधी काम, गर्न नहुने काम ,आर्थिक अपारदर्शी र अनियमितताका कार्यमा वेठीक हुन दिएको छैन र हामीले वेठीक पनि गरेका छैनौं। सवै कार्य एकैपटक गर्न सकिने अवस्था पनि थिएन, परिस्थिती र क्षमता अनुकुल हुँदा अरु राम्रो र व्यवस्थित गर्न सक्नु पर्थ्यो। ५ वर्षमा ७ वटा प्रमुख प्रशासकीय अधिकृत फेरिनु, केही कर्मचारीहरु बाहेक धेरै कर्मचारीहरु अनुभवी, तालिम प्राप्त गराउन नसक्नु, कोभिड जस्तो त्रासहीपूर्ण महामारीमा विकास निर्माण कार्य आवश्यकता अनुसार पुरा गर्न नसकिनु आदि  कारणवाट आशा गरे अनुरुप लक्ष्य पुरा गर्न नसकेको कुरा सवैलाई विदित नै छ।

वर्तमान समयमा यस नगरपालिकामा स्थानीय सरकारबाट तयार गर्नुपर्ने कानुनको प्रभावकारी कार्यान्वयन, विभिन्न तहका सरकारको प्रशासनिक जटिलता, दक्ष कर्मचारी संख्या र कार्यक्षमता वृद्धि, नगरवासीहरूमा नगर विकास प्रतिको दायित्व बोध र अपनत्व विकास गर्नुपर्ने, साँघुरा गल्ली र वस्तीका मुल सडकहरू विस्तार गर्ने समस्या, स्वच्छ पिउने पानीको वितरण प्रणाली व्यबस्थापन गर्ने, भोगचलनमा रहेका सार्वजनिक जग्गाको संरक्षण र सदुपयोग गर्ने, नगरपालिकाको १ देखि १३ वडा विच अन्तर सम्बन्ध, सहकार्य, चिनारी र आवतजावतको सडक सवारी सन्जाल स्थापित गर्नु, फोहोर व्यवस्थापन र वातावरणमैत्री सहर बनाउने जस्ता चुनौतीहरू छन। यद्यपी यावत चुनौतिका विचपनि यस नगरपालिकामा जननिर्वाचित प्रतिनिधिहरुको पदबहालपछि (आ.व. २०७४/०७५ देखि २०७८/७९ को अर्ध वार्षिकसम्म) करिब चार वर्ष ६ महिने कार्यकालमा आर्थिक, सामाजिक, सुशासन तथा पूर्वाधार विकासको क्षेत्रमा उल्लेख कार्य भएको छ। तसर्थ, नगरपालिकामा निर्वाचित जनप्रतिनिधिहरुले आफ्नो कार्यकालमा प्राप्त भएको श्रोत र साधनलाई मितव्ययी र पारदर्शी ढंगबाट परिचालन गरि नगरपालिकाको मुलमन्त्र “स्वच्छ, शान्त, समृद्ध पर्यटकीय नगर बूढानीलकण्ठ” बनाउन गरेका मुख्य मुख्य प्रयत्नहरुको संक्षिप्त

फलकहरुको ऐतिहासिक अभिलेख प्रणाली रुपमा व्यवस्थित गर्न वडाबाट प्राप्त भएका तथ्याकं, कार्यालयका महाशाखा र शाखासंत समन्वय गरी यस अवधिमा सम्पादन भएका कार्यप्रगतिलाई समावेश गरी यो संक्षिप्त प्रगति प्रतिवेदन प्रकाशन गरिएको छ।

## १.२ जननिर्वाचित प्रतिनिधिहरुको पदबहालपछि हालसम्म सम्पादन भएका मुख्य मुख्य कार्यहरु

संघियता देशमा कार्यान्वयन भएपछि गठित स्थानिय सरकार क्रियाशीलताका ४ वर्ष ६ महिने कार्यकाल सफलता पूर्वक व्यतित भएको छन्। "स्वच्छ, शान्त, समृद्ध पर्यटकीय नगर बूढानीलकण्ठ" भन्ने सोच सहित कार्य गर्दै अघि बढेको बूढानीलकण्ठ नगरपालिकाले हाल सम्म ९ वटा नगर सभा सम्पन्न गरि सकेको छ। जनताका विभिन्न आन्दोलनहरुको परिणामस्वरुप प्राप्त नेपालको संविधानले शासकिय सत्तालाई तल्लो तहसम्म प्रत्येक नागरिकलाई स्वशासान तथा आत्मनिर्णयको अधिकार सुनिश्चित गरेको छ। यसै मर्मलाई आत्मसाथ गरी नेपाल सरकारद्वारको घोषित "समृद्ध नेपाल सुखी नेपाली" को नारालाई मूर्तता दिन यस नगरपालिकाले पूर्वाधार निर्माण र सुशासनमा विशेष जोड दिएको छ। लोकतन्त्र र समृद्धिको लामो संघर्षबाट भएको राजनैतिक परिवर्तन पश्चात भएको संघीय लोकतान्त्रिक नेपालको संविधानले ब्यवस्था गरेको ३ तहको सरकारको व्यवस्था अनुरुप स्थानीय तहको निर्वाचन भई कार्य शुरु भएको करिब चार वर्ष ६ महिने कार्यकाल पुरा भएको छ। फरक फरक भौगोलिक संरचना प्रशासनिक एकाईमा काम गर्दै आएका साविकका ६ गा.वि.सहरु एकिकृत प्रशासनीक एकाई बूढानीलकण्ठ नगरपालिकाको रुपमा यहाँको भौगोलिक, सामाजिक, जनसांख्यिक अवस्थाको आवश्यकता, श्रोत साधनको उपलब्धतालाई प्राथमिकीकरण गर्दै नीति, कार्यक्रम, योजना र बजेटको कार्यान्वयन गरिरहेको अवस्था विद्यमान छ।

यस चार वर्ष ६ महिनाको अवधीमा २ वटा आ.व (२०७६/०७७ र २०७८/०७९को अर्ध वार्षिकसम्म) मा कोभिड महामारीको संक्रमणको कारणले थुप्रै नगरवासीहरुले अमुल्य ज्यान गुमाउनु पर्‍यो। आ.व २०७६/०७७ को तेश्रो चौमासिक अवधी सुरु नहुँदै विश्वव्यापी महामारी कोरोना भाईरसको कारण वार्षिक लक्ष्यको औषत ५० प्रतिशत मात्र योजना तथा कार्यक्रम सम्पन्न भयो। महामारीकै बिचमा आ.व २०७७।०७८ को नीति, कार्यक्रम तथा बजेट पारित गरी लक्ष्यको अधिकतम योजना सम्पन्न गर्ने गरी योजना तथा कार्यक्रम स्वीकृत गरिएको मा करिव ६७ प्रतिशत योजना सम्पन्न गर्न सफल भएका थियौं। जसमा कोभिड-१९ को कारण गर्न नसकिएको थुप्रै योजनाहरु चालु आ.व. २०७८/०७९ मा सारिएको थियो।

विश्वव्यापी महामारी कोभिड-१९ को कारण नगरवासीहरुको जीवन रक्षा पहिलो प्राथमिकता भएको हुँदा नगरको सबै कार्य छोडेर उपचार र रोकथाममा केन्द्रित हुनुपर्दा नियमित कार्यहरु र विकास निर्माणको कार्य लक्ष्य अनुसार समयमा गर्न सम्भव हुन सक्ने

अवस्था रहेन । यद्यपी कोभिड-१९को महामरीको विचैमा भ्ण्डै ३ दर्जन योजनाहरु टेण्डर, उपभोक्ता समितीबाट करिव ६००को हाराहारीमा योजना तथा कार्यक्रमको सम्भौता, योजनाको कार्यान्वयन, अनुगमन तथा मूल्यांकन र फरफारक गर्ने जस्ता तिब्र गतिमा विकास निर्माणका कार्यहरु हुनका साथै, अधुरो बाँकी योजनाहरु समेत कार्यान्वयन गरी सम्पन्न गरियो । आ.व २०७७।०७८ को पुरा १२ महिनामा भ्ण्डै ९ महिना कोभिड महामारीको अवस्था रहेको र योजना कार्यक्रम गर्न सम्भौता भएता पनि लक्ष्य अनुसार कार्यान्वयन हुन सकेको थिएन । तर पनि यस वीचमा वडा कार्यालय भवनहरु, कोशेली घर, आकाशेधारा अधिकारी मोड, आशिर्वाद मार्ग, कपन ह्याण्डबल, नगर अस्पताल, पार्कहरु, न.पा को थप भवन, चिसेनी सडक, चण्डेश्वरी सडक जस्ता ठुला योजनाहरु कार्यान्वयन भई रहेको अवस्था छ ।

तसर्थ, आ.व २०७४।०७५ देखि नगरपालिकाले आफ्ना नीति कार्यक्रम अन्तर्गत घोषणा गर्दै आएको योजना तथा कार्यक्रमहरु शुरुका दुई वर्ष नगरपालिकाको संस्थागत क्षमता र कर्मचारीहरुको अभाव, कार्य अनुभवको कारण पनि भ्ण्डै ६०/७० प्रतिशत लक्ष्य पुरा भएतापनि पछिल्ला दुई वर्ष कोभिड १९ को महामारीको समयका बाबजुत पनि भ्ण्डै ५०/६७ प्रतिशत प्रगति हासिल गर्न सफल भएका छौं । राजधानीको धेरै जनसंख्या भएको नगरपालिकामा कोभिडको प्रकोप र संक्रमण सँधै उच्च नै रहयो । कोभिडले भ्ण्डै ५ दर्जन नगरवासीहरुको ज्यान लियो । दोश्रो लहरमा ३००० भन्दा बढी मानिस संक्रमित भैसकेको अवस्थामा नागरिकहरुको जीवन रक्षाका लागि क्षमता, जन शक्ति, साधनश्रोतले भ्याए सम्म परिचालित गरि रोकथाम र न्युनीकरणमा जोड दिने कार्य गरियो । फलस्वरुप बार्षिक लक्ष्य अनुसार पारित योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्न नसक्दा नगरपालिकाको विकास निर्माण कायको प्रभावकारी रुपमा प्रगति देखाउन सकिने अवस्थामा केही कमी भएको जस्तो देखिएतापनि उपलब्धीहरु आशा लाग्दो रहेको छ । तर जनतासँग गरेका वाचा तथा प्रतिवद्धताहरु र स्वीकृत योजना र कार्यक्रम क्रमश आगामी वर्षहरुमा पुरा गदै जाने कुरामा बिश्वस्त गराउन चाहन्छौं । अब बूढानीलकण्ठ नगरपालिकाको (आ.व २०७४।०७५ देखि आ.व २०७८।०७९ को अर्ध वार्षिकसम्म) ५ वर्षको वार्षिक नीति कार्यक्रम र त्यस अनुसार पारित भएका बजेट कार्यक्रमहरुको अपेक्षित लक्ष्य, कार्यान्वयन पछि भएका उपलब्धी, कार्यान्वयनमा थपिएका चुनौतीहरुको बिच भए गरेका काम र प्रगति विवरण समेट्ने कोशिस गरिएको छ । नगरका १३ वटै वडामा भएका साना ठुला योजनाहरुको कार्यान्वयन बाट भएको प्रगति, प्रभाव र उपलब्धीको बारेमा यसमा प्रस्तुत गरिएको छ । नगरको आवधिक योजना (२०७८/०७९-२०८३/०८४) पनि जारी भएको छ । उक्त नीति अन्तर्गत "स्वच्छ, शान्त, समृद्धः पर्यटकीय नगर बूढानीलकण्ठ" को मुल उद्देश्य अनुसार श्रोत साधन, योजना र कार्यक्रम तय गरिदै लगिएको छ । तसर्थ, बूढानीलकण्ठ नगरपालिकामा निर्वाचित प्रतिनिधिहरुको पदबहाल पछि हालसम्म सम्पादन भएका मुख्य कार्यहरु देहाय बमोजिमका रहेको छ ।

## क. पूर्वाधार निर्माण तथा विकास

*“भौतिक पूर्वाधार, विकासको मूख्य आधार।*
*सडक पूर्वाधार, शहर विकासको मूख्य आधार।”*

नगरपालिकाको स्थापना कालदेखि ६ वटा फरक प्रशासनिक एकाईको रुपमा रहेका गाविसहरुको एकिकृत संरचना बनिसके पछि भैरहेका सबै खालका भौतिक पूर्वाधारको विकासलाई योजनाबद्ध एकिकृत संरचनामा जोड्दै बिगत ४ वर्ष ६ महिनामा थुप्रै कार्यहरु भैरहको छ। नगरपालिकामा भएको वस्ती विस्तारको गति यहाँको पूर्वाधार निर्माणको गति भन्दा तिव्र छ। नगरमा भएका भौतिक संरचनाहरुमा सडक, भवन, ढल, पुल आदि निर्माण कार्यले तिव्र गति लिनुका साथै कतिपय थुप्रै योजनाहरु निर्माणाधिन अवस्थामा रहेको पनि छ। यद्यपी नगरपालिकामा हाल भौतिक पूर्वाधार खास गरी सडक विकासको अवस्था परि माणात्मक हिसाबले सन्तोषजन रहेको छ। टेण्डर भएका नगरका गौरवका आयोजनाहरु वडा कार्यालय भवनहरु, कोशेली घर, सार्वजनिक शौचालय आकाशेधारा अधिकारी मोड, सामुदायिक भवनहरु, आशिर्वाद मार्ग, कपन ह्याण्डबल नगर अस्पताल, पार्कहरु, चिसेनी सडक, चण्डेश्वरी सडक, निर्माणाधिन पार्कहरु जस्ता ठुला योजनाहरु कोभिडले गर्दा संचालन गर्न केहि समस्या देखिएतापनि तिव्रताका साथ निर्माण कार्य भईरहेको छ।

यसको साथै कृषि, उद्योग, व्यवसाय, शिक्षा, स्वास्थ्य, पर्यटन, सहकारी वन वातावरण, फोहरमैला व्यवस्थापन लगायत सबै विषयगत क्षेत्रहरूको विकासको लागि आवश्यक न्यूनतम गुणस्तरीय र विपद् प्रतिरोधी भौतिक पूर्वाधार निर्माण गरी अन्य विष(यगत क्षेत्रको विकासमा तिब्रता दिइएको छ। पूर्वाधारको मात्रालाई हेर्दा नगरको हालको जनसंख्या र यहाँ जनसंख्या बृद्धि दरलाई थेग्न नसक्ने खालको भएतापनि निराश भईहाल्नु पर्ने अवस्था भने छैन। नगरपालिकामा खानेपानी व्यवस्थापन, परम्परागत कूवा, धारा, पँधेरा तथा पानीका स्रोतहरू अझै पनि अस्तित्वमा रहेकाले पिउने पानीको संकटग्रत अवस्था भने छैन। गुम्सिँदो सहरी वातावरण भन्दा बुढानीलकण्ठको जनजीवन खूला, प्राकृतिक हरि याली, स्वच्छ, शान्त प्रकारको रहेको छ। उत्तरतर्फको शिवपुरी पहाड र शिवपुरी राष्ट्रिय निकूञ्जका नामले संरक्षित शिवपूरी वनले जैविक विविधता तथा पर्यावरणलाई मजबूत बनाएको छ। नगरबासीहरूलाई स्वच्छ पिउने पानी र सिँचाइका लागि अतूलनीय योगदान पूऱ्याएको छ। शिवपूरी पहाड र त्यसको आसपासका पानीका स्रोतहरूलाई नगरपालिकाले पानीको व्यवस्था गरेको छ। सतही पानीका स्रोतहरूका अतिरिक्त भुमिगत जल भण्डारलाई पनि सिँचाइ तथा पिउने पानीको रूपमा प्रयोगमा ल्याइएको छ। चपली, भद्रकाली, कपन

लगायतका क्षेत्रमा खानेपानीको बढी समस्या देखिएको भएतापनि नयाँ पानिको श्रोतको पहिचान गर्नुका साथै निकट भविष्यमा मेलम्ची खानेपानीको राष्ट्रिय गौरवको आयोजना मार्फत समाधान हुने चरणमा रहेको छ।

१. **सडक ढल विकास तर्फ**

- १३ वटा वडा कार्यालय जोड्ने ६ देखि ८ मीटरका सडकहरू पक्की बनाउने कार्य करिव पुरा भएको छ।
- वाँसवारी बूढानीलकण्ठ मूल सडक वाट धोवीखोला क्रस हुदै चुनिखेल कपन जाने सडकहरु पक्की भएको छ। केहि साँगुरो सडकलाई विस्तार गरि जनधनको क्षति कम हुने सडकहरू चौडा वनाई व्यवस्थित गरिएको छ।
- वडा नं. २ को पञ्चकन्या मार्ग ८ मिटर चौडा सडक तारेभीर जंगलसम्म पक्कि गरि एको छ।
- चपली-चुनिखेल-सापाटार हुदै जगडोल जाने सडकको निर्माण कार्य सम्पन्न भएको छ।
- गणेश मा.वि. हुँदै चुनिखेल जाने ८ मीटर चौडा सडकको निर्माण कार्य सम्पन्न भएको छ।
- मान बहादुर मार्ग-धोबीखोला करिडोर हुदै चुनिखेल र कपन जोड्ने सडकपक्की गर्ने कार्य सम्पन्न भएको छ।
- मण्डिखाटार-वरफेदी करिडोर सडक विस्तार गरी सो को निर्माण कार्य अन्तिम अबस्थामा रहनुको साथै सडक लेन समेत फराकिलो गरिएको छ।
- कुमारी मार्ग-धोबीखेला-कपन सडक फराकिलो गर्ने कार्य सम्पन्न गरी दोहोरो गाडी पास हुने अवस्था भएको छ।
- धोवीखोला करिडोर-भद्रकाली मन्दिरसम्म दुवैतिर करिव ३.५ कि.मी. सडक दुवैतिर सडक कालोपत्रे सम्पन्न भएको छ। केहि २/३ ठाँउमा प्राविधिक समस्या समाधान भएपछि सम्पन्न हुनेछ।
- धोवीखोला करिडोरको दुवैतर्फ हरियाली हुने गरी बोट, विरुवाको व्यवस्थापन गरि एको छ।
- कपन साततले देखि आकाशेधारा-साप्रेढुङ्गा-मानवहादुर मार्ग सडक निर्माण कार्य ढिलै भएपनि कार्य भैरहेको र सम्पन्न गर्न सम्बन्धित ठेकेदार कम्पनीलाई ताकेता भैरहेको छ।

- महाकाल-फैका-लसुनटार-चुनिखेल-चपली बूढानीलकण्ठ सडक (करिव ७ कि.मी. ) को धेरै जसो खण्ड पुरा भएको छ। केहि अधुरो खण्ड पुरा गर्ने प्रयास भैरहेको छ।
- नगरपालिकाको मूल प्रवाहबाट ओझेल परेको वडा ११ को जगडोल देखि सापाटार हुदै कौडोल गाम्चा जाने सडक पुरा भएपछि सो क्षेत्रमा विकासको ढोका खुल्नाको साथै आन्तरिक तथा बाह्य पर्यटक आकर्षणको लागि पर्यटकिय पूर्वाधार विकास गरी अघि बढाउने कार्य भैरहेको छ।
- चुनिखेल वडा कार्यालयवाट सापाटार जाने ८ मीटर चौडासडक निर्माण कार्य पुरा भई त्यस क्षेत्रको विकास र समृद्धिमा ठुलो टेवा पुगेको छ।
- चुनिखेलवाट जगडोल भन्ज्याङ जोड्ने सडक पुरा गर्नुपर्ने काम केहि ढिलो भएपनि क्रमशः अघि बढ्दै छ। सो सडक निर्माण सम्पन्न भएपछि तहाँ रहेका खालीजग्गाहरुमा व्यवस्थित शहरिकरण गर्न टेवा पुग्ने छ।
- बूढानीलकण्ठको पर्यटन प्रबर्द्धन बृद्धिको लागि कौडोल तारेभीर सडक ६ मीटर कायम गरी निर्माणकार्य अघि बढाउन पहल भैरहेको।
- बूढानीलकण्ठ मन्दिरबाट मुहान पोखरी जाने करिब ३ कि.मी. सडक कालोपत्रे तथा ढलान गर्ने कार्य पुरा भएको छ। सोही क्षेत्रमा जाने अर्को पुरानो सिमाना सडक निम( ाणमा ठेकेदारको ढिलाई र सडकमा भएका संरचना (पानीको पाईप व्यवस्थापन)को कारण पुरा हुने अन्तिम अवस्थामा पुगेको छ।
- चपली घुम्तीवाट पासीकोट र वडा नं. ६ दक्षिण लुडेखोलासम्म जाने सडक फराकिलो गरी निर्माण गर्ने कार्य सम्पन्न भैसकेको छ।
- गणेश मा.वि. देखि लुडेखोला जाने सडक चौडा फराकिलो गरी पक्की गर्ने कार्य सम्पन्न भएको छ।
- हात्तिगौडा-खड्कागाँउ-विष्णुमती सडक बूढानीलकण्ठ नगरपालिकाको पुरानो सडक केन्द्रिय वजेटवाट फराकिलो गरी पक्कि गर्ने कार्य सम्पन्न भएको छ।
- गोल्फुटार-हेपाली-च्यासिन्डोल जाने सडक फराकिलो गरी पक्की गर्ने कार्य अन्तिम चरणमा रहेको छ।
- न्युरो अस्पतालदेखि पश्चिम धापासी प्रवेश मार्ग सम्म सडक फराकिलो सहित पक्की गर्ने कार्य सम्पन्न भएको छ।
- हेपाली देखि खड्कागाउँ हुँदै लुडेखोला जोड्ने करिव ३ कि.मी. वस्ती विचको महत( वपूर्ण नमूना सडक चौडा फराकिलो गरी पक्की गर्ने कार्य सम्पन्न भएको छ।
- गोल्फुटार - मण्डिखाटार - आकाशेधारा - कृष्णमन्दिर - लसुनटार - चुनिखेल -

चण्डेश्वरी - टोखा चपली- बूढानीलकण्ठ - च्यासिन्डोल र हेपाली हुदै गोल्फुटारसम्म बूढानीलकण्ठ चक्रपथ जोड्ने सडकहरुसँग जोडिएका शाखा सडकहरुको निर्माण कार्य सम्पन्न भएको । केही भाग विविध कारणले पुरा नहुँदा नगर वस संञ्चालन शुरु गर्न सकिएको छैन । एकीकृत सर्किट निर्माण पुरा गरी नगरवस सेवा सञ्चालन गर्ने कार्य केहि खण्ड सडक पुरा गर्न नसकिएको आगामी वर्ष पुरा गरी नगरबस संचालन गरिने छ ।

- बूढानीलकण्ठ दोस्रो तथा वाहिरी सडक चक्रपथको लागि पैयाटार जगडोल सडक विस्तार र निर्माण कार्यको वजेट कटौती भएकोले नयाँ वजेटको लागि केन्द्रीय सरकार लाई पहल भैरहेको छ ।
- बूढानीलकण्ठ चक्रपथ अन्तर्गतको पासीकोट धान्य ढिकुरो च्यासिन्डोल सडक खण्डमा नगरपालिकाले बजेट सुनिश्चित गरेतापनि सम्पूर्ण कार्य सम्पन्न गर्नेगरी केहि वजेट राखेको छ र शहरी विकास मन्त्रालय वजेट को लागि पहल भैरहेको छ ।
- विष्णुमती करिडोरको मापदण्ड र निर्माण कार्यमा भएको ढिला सुस्तीले सो क्षेत्रको विकास र व्यवस्थापनमा समस्या परेकोले प्रदेश सरकारबाटै भएको DPR लाई कार्यान्वयन गर्न वजेट व्यवस्था सहित कार्यक्रम अघि बढाउन प्रदेश सरकार समक्ष पहल भैरहेको छ ।
- आकाशेधारा अधिकारी मोड सडकलाई फराकिलो र राम्रो वनाउने योजनासहित नगर पालिकाबाट टेण्डर भई २०७८ साल चैत्र मसान्त सम्म कार्य सम्पन्न गर्ने लक्ष्य सहित अघि बढेकोछ ।
- कपन जगडोल हुँदै साततले धोबीखोला पुग्ने खोला खोल्सी र साविकको चाखुन्चा खोला भित्र ढल हाली सडक बनाएको र सो क्षेत्रको वरिपरी बाक्लो वस्ती भएको कारण पटक पटक ढल फेर्दा समेत डुवानको समस्या समाधान नभएकोले पुरै खोलामा बक्स कल्भर्टको लागि वजेट व्यवस्था गरि कार्य शुरु भैरहेको सो कार्य सम्पन्न गर्नकोलागि थप वजेट व्यवस्था गरि स्थायी समाधान भई वर्षामा हुने डुवानको समस्या समाधान हुने अपेक्षा गरिएको छ ।
- आकासेधारा राममन्दिर सडक २०७४ सालमा टेण्डरभै २ वर्षमा कार्यसम्पन्न गर्नुपर्नेमा ६ वर्ष हुँदा पनि ठेकेदार (सैलुङ निर्माण कम्पनी)को लापरवाहीले हालसम्म सम्पन्न हुन नसकेको सो कार्य छिटो सम्पन्न गर्न सम्बन्धित निकायलाई ध्यानाकर्षण गरिएको हुँदा छिटै कालोपत्रे हुने अपेक्षा गरिएको छ ।
- साप्रेदुङ्गा राममन्दिर सडक निर्माण कार्यको लागि टेण्डर प्रकृया अघि बढिसकेकोले

यसै आ.व. भित्र उक्त योजना सम्पन्न हुने अपेक्षा गरिएको छ।

- बूढानीलकण्ठको उत्तरदक्षिण भूभाग जोड्ने महत्वपूर्ण सडकको रुपमा रहेको साप्रेढुङ्गा (वडा ८ सुन्दरवस्ती) विद्युतको टावर हुदै वडा २ सवस्टेशन भंगाल सम्म ८ मीटर को सडक वनाउने योजनाको केहि भाग वाहेक अन्य खण्डमा कार्य सम्पन्न भएको। बाँकी रहेको करिब ४०० मिटर खण्ड विवादको कारण सम्पन्न नभएकोमा उक्त विवाद समाधान गर्ने पहल भैरहेकोले छिटै बाँकी रखण्ड सम्पन्न हुनेछ।
- स्थानीय तहको निर्वाचन सम्पन्न भई जनप्रतिनिधीहरु निर्वाचित भई आएपछि ५ वर्ष भित्र यस नगरपालिकामा करिव ४ दर्जन भन्दा बढि साना ठुला खुल्ला क्षेत्र, पार्क सुधार र व्यवस्थापनका कार्य सम्पन्न गरिएको छ।

## २. विविध पूर्वाधार योजनाहरु

- **बूढानीलकण्ठ वसपार्क** : वडा नं. २ को करिव १५ रोपनी सार्वजनिक जग्गामा नगर बसपार्क वनाउन DPR तयार भई वजेट समेत विनियोजन भएकोमा जग्गाको विचमा थोरै व्यक्तिको गुठी जग्गा परेकोले जग्गा सट्टा पट्टा गर्ने कार्यको लागि नेपाल सरकार लाई सिफारिस गरि पठाइएको छ। नेपाल सरकारबाट स्वीकृत भई आएपछि उक्त योजना कार्यान्वयन गरिनेछ।
- **नगर तरकारी वजार** : बूढानिलकण्ठ नगरपालिका वडा नं. २ भद्रकाली मन्दिर छेउ धोवीखोला कोरिडोरमा रहेको करिब ५ रोपनी जग्गामा कृषि मन्त्रालय र नगरपालिका मिलेर नगरस्तरीय तरकारी वजार स्थल पूर्वाधार करिव १० करोडको लागतमा टेण्डर भई निर्माण कार्य शुरु भएको।
- **बूढानीलकण्ठ बहुउद्देशीय खेल पूर्वाधार (कपन ह्ययाण्डवलको मैदान)** : नगरकै मह(त्वपूर्ण वहुउद्देश्यीय खेल मैदानको रुपमा रहेको कपन ह्याण्डबल करिब १२ करोडको लगानीमा टेण्डर गरी निर्माण कार्य भैरहेको छ।
- **बूढानीलकण्ठ श्रृजना ग्राम र संग्रहालय** : नगरपालिकाको धेरै भाग देख्न सकिने अग्लो रमणीय स्थान वाडेपाखाको पञ्चकन्या सामुदायिक वनको छेउमा राजधानीकै लागि उपयुक्त सृजना ग्राम र संग्रहालय निर्माणको लागि वजेट विनियोजन गरी कार्य शुरु भएको छ। उक्त स्थान मध्यवर्ती क्षेत्र भित्र रहेकोले राष्ट्रिय निकुंज र बन कार्या(लयबाट निर्णय हुन ढिला भई निर्माण कार्य गर्न कठिन भएकोमा अब छिटै तिब्र गतिमा कार्य प्रारम्भ हुने अपेक्षा गरिएको छ।
- **धोवीखोला संरक्षण तथा पहिरो नियन्त्रण** : विगत १० वर्षदेखि धोबीखोला नदी कटान र गल्छी बनेर वरपर किनारा भास्सिने कार्यको रोकथामको लागि दर्जनौ ठाउँमा

चेक ड्याम र किनारा पक्की बनाउने क्रम जारी छ। नौलीन भद्रकाली देखि उत्तर तर्फ खोला वरपर झण्डै ५ करोड भन्दा बढि लगानी भैसकेको र सो कार्यलाई निरन्तर रुपमा अघि बढाईने।

- **रुद्रेश्वर किरियापुत्री भवन निर्माण** : वडा नं. २ स्थित रहेको रुद्रेश्वर मन्दिर क्षेत्रमा पहिरोको रोकथामका लागि टेवा पर्खाल निर्माण गरी किरिया पुत्री भवन सहितको रुद्रेश्वर धामको रुपमा विकास गरिएको छ।
- **बूढानीलकण्ठ नगर अस्पताल निर्माण** :– नगरको गौरबको रुपमा रहेको नगरस्तरीय अस्पताल भवन सम्पन्न भई सञ्चालन हुने अवस्थामा रहेको छ। उक्त अस्पतालमा गरिव, विपन्न र रोगीहरुलाई सहज रुपमा उपचार गरिने छ। करिब ९ महिना देखि ओपिडी सेवा र आईसोलेसन कक्षको रुपमा संचालन भैसकेको छ।
- विष्णुमती नदीमा जोडिने मूख्य सहायक नदी लुडेखोलाको दुवै किनारामा पर्खाल लगाई करिडोरको शुरुवात भएको छ। अव क्रमश करिडोर सहित सडक निर्माण र ढलको व्यवस्था हुनेछ।
- करिब १३ करोडको लागतमा वडा नं.८ च्यानेखोलामा सडक र डुवानको समस्या व्य( वस्थित गर्न कल्भर्ट सहितको सडक व्यवस्थित सडक योजना कार्यान्वयन भैरहेकोले आगामी दिनमा डुवानको समस्या समाधान हुने अपेक्षा गरिएको छ।
- बूढानिलकण्ठ नगरपालिका ११ स्थित तामाङ सामुदायिक भवन सामुदायिक प्रयोजनको लागि तयार हुने अवस्थामा रहेको छ।
- नगरपालिकाको मुख्य प्रशासनिक भवन र वडा कार्यालय भवनहरु सबै आवश्यक मात्रामा स्थानीय सुशासनमा सहज हुनेगरी निर्माणाधिन अबस्थामा रहेको छ।
- उल्लेखित मूल सडकहरु छुने ६ देखि १० मिटर सम्मका वाहेक अन्य वस्ती स्तरका सडकहरु ४ वर्षभित्र सयौ संख्यामा निर्माण भएका छन।
- नगरपालिकाले बनाएका सडकहरु ढल निकाश ड्रेन सहित निर्माण भएका छन।सडक निर्माण गर्दा जमिन मुनि गर्ने पूर्वाधारहरुको कार्य सम्पन्न नभएसम्म सडक ढलान, कालोपत्रे गर्न नदिने नीति लिइएको छ।
- नगरको बार्षिक बजेटको करिब ६०% सडक, ढल, भवन लगायतका पूर्वाधारमा खर्च गरिएको छ। आगामी दिनमा यस्ता पूर्वाधारतर्फको लगानी बिस्तार कम गर्दैसामाजिक विकास एवं सुशासनको क्षेत्रमा बजेट बृद्धि गर्दै लगिने छ।

- बूढानीलकण्ठ चिसेनी क्षेत्रको पर्यटन प्रर्वधनको लागि पैदल सिढी र मैत्रेय गुम्वासम्म पुग्ने ठुलो गाउँ जाने सडक ढलान कार्य अन्तिम चरणमा रहेको छ।
- डाँडागाउँ टुसाल देखि विष्णुमती चिसेनी-मुहानपोखरी -सिमली गाउँ-तौलुङ-नारायण डाँडा हुदै जगडोल साइकल मार्ग र पैदल मार्गको महत्वपूर्ण भागहरु जोडेर सर्किट बन्ने क्रम जारी छ।

### ३. अन्य भौतिक पूर्वाधार विकास

- खुल्ला पार्कहरुमा खुल्ला जिमको लागि आवश्यक व्यायाम तथा अभ्यासका सामग्री जडान गर्नुका साथै ठूला पार्कहरुमा त्यस्ता सामाग्रीहरु जडान गर्न आवश्यक तयारी भैरहेको छ।
- नगर भित्र आवश्यकता र माग अनुसार विभिन्न किसिमका पुल तथा कल्भर्टहरु निर्माण भएका छन्।
- नगरपालिका भित्रका १० वटा मन्दिरहरु पुर्न निर्माण र परिसर व्यवस्थित विकास गरि एको  छ। साथै स्थानीयस्तरमा भएका मठ मन्दिर पुरातात्विक सम्पदाहरुको विकास सम्वर्द्धन, प्रवर्धनको लागि बजेट व्यवस्थापन गरी त्यस्ता धेरै सम्प्रदाहरु सुधार भएका छन्। ति मध्ये बूढानीलकण्ठ मन्दिरको सुधार, भद्रकाली मन्दिर, रुद्रेश्वर मन्दिर, पञ्चकन्या मन्दिर, भद्रकाली मन्दिर, वंगलामुखी मन्दिर, चुनदेवी मन्दिर, विन्दवासिनी मन्दिर, सिद्धेश्वर राम मन्दिर, कुमारी मन्दिर, आकासदेवी मन्दिर, मनकामना मन्दिर, लगायत धेरै मन्दिरहरुको नयाँ तथा पूनःनिर्माण गर्नुका साथै मन्दिर परिसर सुधार गरि एको छ।
- खानेपानी भण्डारणका विभिन्न वडाहरुमा ट्याङ्कीहरु निर्माण गरि व्यवस्थीतरुपमा वितरण गरिएको छ। साथै वस्ती स्तरमा समेत वेरीङ्ग गरि खानेपानी व्यवस्था मिल( ाईएको छ।
- नगर भित्र महिला भवन, सामुदायिक भवन, किरियापुत्री भवन लगायतका विविध भवनहरुको निर्माण गरिएको छ।
- नगरपालिका भित्र देहाय बमोजिमका पार्क लगायत सार्वजनिक खुल्ला क्षेत्र रहेका स्थानहरुलाई व्यवस्थित गरिएको छ भने कतिपय स्थापनमा सर्वाजनिक जग्गा संरक्षण र पार्क निर्माण कार्य तिव्ररुपमा भईरहेको छ।
- नगरपालिको वडा नं. १ देखि वडा नं. १३ सम्म बनेको सार्वजनिक पार्क तथा खुल्ला क्षेत्र संरक्षणका कार्यहरु देहाय बमोजिम रहेको छ।

| क्र.सं. | वडा नं. | योजनाको नाम | कैफियत |
|---|---|---|---|
| १ | १ | च्यानडाडाँ बुद्ध पार्क | |
| २ | | तौलुङ भ्र्याङदेर गुम्बा परिसर | |
| ३ | | वडा १ खुल्ला क्षेत्र खोलाछेउ निर्माणाधिन (बूढानीलकण्ठ मन्दिर पूर्व) | |
| ४ | २ | जेष्ठ नागरिक पार्क | |
| ५ | | कालिका पार्क | |
| ६ | | सुन्दरटार पार्क | |
| ७ | | महादेव कोलोनी पार्क | |
| ८ | | रुद्रेश्वर पार्क | |
| ९ | | वरपिपल पार्क | |
| १० | | भद्रवस्ती पार्क | |
| ११ | | पञ्चकन्या मन्दिर परिसर पार्क | |
| १२ | | वि.एम.सि. खुल्ल पार्क | |
| १३ | ३ | स्वास्थ्य चौकी पार्क | |
| १४ | | कुमारी मन्दिर पार्क -लुडेखोला | |
| १५ | ४ | बुद्ध पार्क | |
| १६ | | भूत्यादह किरियापुत्री भवन क्षेत्र | |
| १७ | | श्रीराम स्कुल सार्वजनिक जग्गा संरक्षण | |
| १८ | | धान्य ढिकुरो संरक्षण | |
| १९ | ५ | चिसेनी पार्क | |
| २० | | विष्णुमती पुल पार्क | |
| २१ | ६ | गोर्खाली पुल पार्क | |
| २२ | | शेराफाँट खुल्ला जग्गा संरक्षण | |
| २३ | | च्यासिडोल पार्क | |
| २४ | | पानचोक सार्वजनीक क्षेत्र, संरक्षण सामुदायिक भवन परिसर | |
| २५ | | धर्मपुर ऐतिहासिक स्थल संरक्षण | |

| | | | |
|---|---|---|---|
| २६ | ७ | डठुगाउँ टोल व्यवस्थापन | |
| २७ | | वडा कार्यालय परिसर संरक्षण | |
| २८ | | सार्वजनिक जग्गा संरक्षण तथा पार्क निर्माण पानचोक परिपट्टी | |
| २९ | ८ | जगन्नाथ देवल पार्क | |
| ३० | | सुन्दरवस्ती सार्वजनिक पार्क | |
| ३१ | | भंगाल जग्गा संरक्षण (रविको घरछेउ) मिनिपार्क | |
| ३२ | | गोल्फुटार पार्क | |
| ३३ | | महाकांल मन्दिर सामुदायिक क्षेत्र विकास | |
| ३४ | | वाहुनडाडाँ पार्क निर्माणाधिन) | |
| ३५ | | ओमनगर खेलकुद पार्क, कर्बडहल समेत | |
| ३६ | | Sun Set Park (प्रस्तावित), सनराइज टोल | |
| ३७ | ९ | वरफेदी पार्क | |
| ३८ | | किरियापुत्री भवन परिसर संरक्षण | |
| ३९ | | सामुदायिक भवन (गेट कलेज अगाडी) | |
| ४० | १० | पारिजात पार्क | |
| ४१ | | सिद्धेश्वर मन्दिर परिसर विकास | |
| ४२ | | आकासेधारा पिपल पार्क | |
| ४३ | | भुकम्प स्मृति पार्क | |
| ४४ | | मनकामना मन्दिर परिसर विकास | |
| ४५ | ११ | च्यानडाडाँ पार्क क्षेत्र, लसुनटार | |
| ४६ | | जगलादेवी सार्वजनिक जग्गा संरक्षण | |
| ४७ | | शकरडाडाँ जग्गा संरक्षण र व्यवस्थापन | |
| ४८ | | पैयुपटार विकास कार्यक्रम | |
| ४९ | | जगडोल रावण पार्क (निर्माणाधीन) | |
| ५० | | जगडोल भन्ज्याङ सार्वजनीक जग्गा संरक्षण (खेलपरिसर विकास) | |

| | | | |
|---|---|---|---|
| ५१ | १२ | बालकुमारी मन्दिर परिसर तथा किरिया पुत्री भवन विकास | |
| ५२ | | शिव मन्दिर परिसर | |
| ५३ | १३ | भद्रकाली नौलीन पार्क | |
| ५४ | | जेष्ठ नागरिक सत्सङ्ग (विश्राम चौतारा पार्क) | |
| ५५ | | वुङ्गाटोल जग्गा संरक्षण तथा पार्क | |
| ५६ | | टुपेक पोखरी र मन्दिर परिसर स्तरोउन्नती | |
| ५७ | | देउ पार्क जग्गा संरक्षण | |
| ५८ | | टुसाल गेट तथा पार्क | |
| ५९ | | रिखेश्वर मन्दिर परिसर | |
| ६० | | कोरिडोर पार्क | |

**संमग्रहमा बूढानीलकण्ठ नगरपालिकामा करिव ५ वर्षमा नगरवासीको माग अनुसार भएको सडक पूर्वाधारको संक्षिप्त विवरण।**

| क्र.स. | वडा | प्रदेश र केन्द्रवाट पक्की भएको | न.पा.वाट भएका | जम्मा |
|---|---|---|---|---|
| १ | १ | ५ कि.मी. | ४ कि.मी. | ९ कि.मी. |
| २ | २ | ९ कि.मी. | ६ कि.मी. | १५ कि.मी. |
| ३ | ३ | ३ कि.मी. | ४ कि.मी. | ७ कि.मी. |
| ४ | ४ | ४ कि.मी. | ४.५ कि.मी. | ८.५ कि.मी. |
| ५ | ५ | ५ कि.मी. | १.२ कि.मी. | ६.२ कि.मी. |
| ६ | ६/७ | ७ कि.मी. | ८ कि.मी. | १५ कि.मी. |
| ७ | ८ | ७ कि.मी. | ६.५ कि.मी. | १३.५ कि.मी. |
| ८ | ९ | ३ कि.मी. | ५ कि.मी. | ८ कि.मी. |
| ९ | १० | ६.५ कि.मी. | ८ कि.मी. | १४.५ कि.मी. |
| १० | ११ | ६ कि.मी. | ९ कि.मी. | १५ कि.मी. |
| ११ | १२ | ३ कि.मी. | ६ कि.मी. | ९ कि.मी. |
| १२ | १३ | ८.५ कि.मी. | ३.४ कि.मी. | ११.९ कि.मी. |

धोवीखोला कोरिडोर दुवैतिर पक्की बनाउने कार्यमा शहरी विकास मन्त्रालयबाट करिव ८ कि.मी. तयार भएको छ। आनी गुम्बा साततले खहरे सडकमा ढल र सडक पक्की वनाउने कार्य सम्पन्न हुने अवस्थामा डुवान समस्या समाधान वढेपछि पुनः सो योजना खारेज गरी

पक्की कल्भर्ट सहितको खोला र सडक व्यवस्थित गर्ने कार्य शुरु भैसकेको छ। Contractor छिटो कार्य भएमा आगामी वर्ष सम्पन्न गर्ने योजना रहेको छ। बूढानीलकण्ठ नगरपालिकामा अब केहि खुल्ला ठाँउहरुमा वस्तीको विस्तार सँगै थप सडक पक्की गर्ने र ढल निकास व्यवस्थित गर्नुपर्ने कार्य गर्नुपर्नेछ।

सडक पूर्वाधार निर्माण कार्य धेरै खर्च लाग्ने र एकै पटक सबै पक्की वनाउन धेरै खर्चिलो हुने भएकोले न.पा. निर्वाचित जनप्रतिनिधी र स्थानीय नगरवासीहरुको सम्पर्क र पहुँच वाट तिनै तहका सरकारको एकिकृत पहलवाट अरवौ बजेट व्यवस्था गरेर मात्र गर्न सकिएको छ। नगर भित्र रहेका केन्द्रिय प्रतिनिधी सभा माननीयहरु प्रदेश सभाका प्रतिनधीहरु साथै विगतमा सरकारमा रहेका वखत सबै खालका सम्पर्क र पहुँचलाई प्रयोग गरी विभिन्न क्षेत्रबाट वजेटको व्यवस्था गरी अधिकत्तम पूर्वाधार विकासमा सुधार गर्ने प्रयास गरिएको कुरा जानकारी गराउँद छौं।

वजेट व्यवस्था भएर पनि कार्यान्वयन गर्ने क्रममा जग्गा उपलब्ध गराउने कार्य, साधन सिमाना मिलाउने, वाद विवाद र वाधा विरोधको समाधान गर्दै ठीक समयमा कार्य सम्पन्न गर्ने कार्य अत्यन्त कठिन र चुनौतीपूर्ण काममा नगर प्रतिनिधी र सकारात्मक भावना भएको नगरवासी र दलका व्यक्तित्वहरुको भूमिका वित्त विकास सम्भव हुने थिएन।

समग्रमा ६ वटा गाँउ विकास मिलेर वनेको बूढानीलकण्ठ न.पा. को सहज र व्यवस्थित एकिकृत सडक पूर्वाधारको सन्जाल तयार गर्ने कठिन कार्य मा धेरै प्रगति भएको छ।

बूढानीलकण्ठमा विकास गरिएका सडक सन्जालको एकिकृत नाम, दुरी, सन्जालको मापदण्ड सहितको विवरण पछि GTS Maping सहित तयार गरि उपलब्ध गराउने कार्य हुदै गरेको जानकारी समेत गराइन्छ।

## ख. सुशासन

- पछिल्लो समय घोषणा भएका उपत्यकाका नगरपालिकाहरु मध्ये सबैभन्दा पहिले आफ्नो प्रशासनीक भवन निर्माण गरी सेवा प्रवाह गरेको।
- १३ वटै वडा कार्यालय भवनको निर्माणको लागि उपयुक्त स्थानको छनौट, DPR र बजेट सहित केही वडा को निर्माणको कार्य भैरहेको र बाँकी वडा भवनको निर्माण पुरा गर्नको लागि करिब १ वर्ष समय लाग्ने देखिएको छ।
- दैनिक प्रशासनिक प्रवाहको काम छिटोछरितो, सरल, सहज ढंगले संचालन गर्न आवश्यक व्यवस्था गरिएको छ। घर नक्शा स्वीकृती लगायतको कार्य प्रविधीमैत्री बनाई व्यवस्थित गरिएको छ।
- जनताको उजुरी गुनासो सुनुवाई प्रक्रिया व्यवस्थित भएको छ। कतिपय जटिल समस्याको

छिटो निराकरण र कार्यान्वयनमा व्यवस्थित र चुस्त विधि प्रक्रियामा सुधार गर्दै लगिएको छ । वडा कार्यालयको कर्मचारी संयन्त्र र जनप्रतिनिधी विच समन्वय एवं सहयोगी भूमिकालाई प्रभावकारी बनाउन पहल कदमी लिइएको छ ।

- यस नगरपालिकावाट सार्वजनिक जवाफदेहिता, पारदर्शिता तथा सुशासन प्रवर्धनका लागि उजुरी तथा गुनासो सुनुवाई अधिकारी, सूचना अधिकारी र नगर प्रवक्ता तोकिएको छ। त्यसैगरी नगपालिकावाट सार्वजनिक सुनुवाई, चौमासिक वित्तिय विवरण प्रकाशन, गुनासो तथा उजुरी सुनुवाई र सम्बोधन गरिनुका साथै बिभिन्न सामाजिक संजाल, वेवसाईट, न्यूज पोर्टल तथा संचार माध्यमवाट नागरिक सरोकारका विषयहरुमा सूचना तथा जानकारीहरु प्रवाह गर्ने गरिएको छ ।
- सेवाग्राहीलाई मुस्कान सहितको सेवा प्रवाहमा सहजिकरण गर्न हेल्पडेस्क, हटलाईन




टेलिफोन, सिसि क्यामेरा, डिस्प्ले वोर्ड, नागरिक वडापत्र, वेवसाईट आदीको व्यवस्था गरिएको छ भने प्रत्येक महाशाखा प्रमुखसंग कार्य सम्पादन संभौता र प्रत्येक कर्मचारीलाई कार्यगत शर्त सहित कार्य विविरण दिईएको छ ।

- आम्दानी र भुक्तानीको प्रक्रियालाई सेवाग्राहीमैत्री र प्रविधियुक्त बनाईएको छ भने हरेक चौमाशिकमा वित्तिय विवरण सार्वजनिक गर्ने गरिएको छ ।

- अभिलेख प्रणालीलाई प्रभावकारी वनाउन बिद्युतीय सरकारको अवधारणालाई कार्यान्वयनमा ल्याइएको छ। जस अन्तरगत सवै वडाहरुवाट कम्प्युटरकृत सेवा प्रदान गर्नुका साथै राजस्व, स्वास्थ्य, शिक्षा, शहरी विकास, लेखा, जिन्सी, रोजगार, घटना दर्ता लगायतका कार्यहरुलाई सफ्टवेर माध्यमवाट व्यवस्थापन गरिएको छ।
- कर्मचारीहरुको मनोवल उच्च बनाई कार्य क्षेत्रमा उत्प्रेरित गर्न चार वर्ष ६ महिनाको अवधिमा वृत्ति विकास, क्षमता अभिबृद्धि लगायत तालिम गोष्ठी ९ पटक गरि १७८ जनाको लागि प्रदान गरिएको छ भने ४ पटक अवलोकन भ्रमण र ७ जनालाई उत्कृष्ठ कर्मचारी पुरस्कारवाट सम्मानित गरिएको छ। नगरपालिकाको कार्यवोधलाई ध्यानमा राखि कर्मचारीहरुलाई खाजा तथा प्रोत्साहन भत्ता लगायतका प्रोत्साहन व्यवस्था गरि एको छ।
- राजश्व निर्धारण, असुली संकलन कर दस्तुर विधीलाई पारदर्शी र सरल बनाउन आवश्यक प्रविधीको प्रयोग गरिएको छ।
- यस नगरपालिकामा आ.व. २०७४/७५ देखि २०७८/७९ को अर्ध वार्षिक अवि( धमा करिव १० हजार व्यावसाय दर्ता गरिएको छ भने 'घ' वर्गको निर्माण व्यावसायी ईजाजत ४६ वटा प्रदान गरिएको छ।
- नगर पालिकाको विपद व्यवस्थापन, सरसफाई, वजार व्यवस्थापन सेवा प्रवाह व्य( वस्थापनमा दमकल, फोहर उठाउने ट्रिपर, नगर प्रहरी भ्यान, व्याक हो लोडर जिप तथा कार गरी ७ थान चार पाङ्ग्रे र मोटर साईकल स्कुटर गरी १५ थान सवारी साधनको प्रवन्ध गरिएको छ।
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढिकरण आयोजनाको सेवा इकाई स्थापना भई सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता कार्यक्रम प्रभावकारी रुपमा संचालन भईरहेको छ।
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढिकरण आयोजनाको सेवा इकाईका लागी आवश्यक जनशक्ति छनौट गरीएको छ।
- २०३६ साल देखिका उपलब्ध भएका व्यक्तिगत घटना दर्ताका दर्ता कितावलाई अनलाइन प्रणालीमा डिजिटाइज गरिएको छ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण फोटो, नागरिकता प्रमाणपत्रको प्रतिलिपी, मृत्यु दर्ता, बसाई सराई जस्ता कागजात सहितको विवरण अनलाइन प्रणा( लीमा अद्यावधिक भइरहेको। साथै सामाजिक सुरक्षा भत्ता प्रभावकारी रुपमा बैंक मार्फत वितरण गर्ने प्रणाली लागु गरिएको।
- व्यक्तिगत घटना दर्ता सबै वडाबाट अनलाइन प्रणालीमा भईरहेको र व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता दर्ताको लागी सबै वडामा दर्ता शिविर संचालन गरि एको।
- राष्ट्रिय परिचय पत्रको संकलन कार्य भैरहेको छ।

## ग. शिक्षा, युवा तथा खेलकुद

- भूकम्प पछि राष्ट्रिय पुर्नः निर्माण प्राधिकरण र केहि गैरसरकारी संस्थाहरुसँगको सहयोगमा । नगरपालिका भित्र रहेको सामुदायिक विद्यालयहरुको पुराना जिर्ण रहेका भवन विस्थापन गरी करिब २५ वटा पक्की भवनहरु निर्माण गरिएको ।
- नगरपालिका भित्र रहेको सामुदायिक विद्यालयहरुमा धारा, शौचालय, ECD कक्षा कोठा, ECD शिक्षाको लागि आवश्यक सामग्रीको व्यवस्थापन गरिएको ।
- ECD शिक्षकहरुलाई न्युनतम पारिश्रमिक व्यवस्था गरिएको छ ।
- बूढानीलकण्ठ मा.वि., बालउद्धार मा.वि.मा. BMCA स्कुलमा इलेक्ट्रिकल, इन्जिनियर, कम्प्युटर ईन्जिनियर, सिभिल इन्जिनियर सम्बन्धी प्राविधिक विषयको पढाई शुरु भएको छ । कम्प्युटर र सिभिलको डिप्लोमा तहको प्राविधिक शिक्षा सञ्चालनवाट शिक्षामा व्यावसायिकता वृद्धि भएको छ ।
- सबै मा.वि.तहमा विज्ञान प्रयोगशाला (ICT Lab)को लागि आर्थिक स्रोतको व्यवस्था गरिएको छ ।
- सामुदायिक/संस्थागत विद्यालयका प्रधानाध्यापक र व्यवस्थापन समितिलाई वढि जिम्मेवारी र सहजीकरण गरिएको छ ।
- बूढानीलकण्ठ नगरपालिकाको आफ्नै स्थानीय पाठ्यक्रम हाम्रो बूढानीलकण्ठ तयार गरी लागु गरिएको छ ।
- शिक्षा व्यवस्थापन कार्यविधि, २०७५ लगायत शिक्षा सम्बन्धी अन्य कानुन निर्माण गरी कार्यान्वयन गरिएको छ ।
- विद्यालयहरुको भौतिक र शैक्षिक पूर्वाधारका लागि विद्यालयहरुलाई मागमा आधारित बजेट उपलब्ध गराईएको छ ।
- ECD कक्षालाई समय सापेक्ष सुधार गर्दै कक्षामा अध्यापनरत सहजकर्ता लगायत विद्यालय कर्मचारीहरुको न्यून पारिश्रमिकमा नगरपालिकाले थप पारिश्रमिक उपलब्ध गराएको छ ।
- विद्यालयहरुमा पोषण तथा दिवा खाजाको व्यवस्था गरिएको छ ।
- प्रत्यक्ष सिकाई तथा वैकल्पिक सिकाईका लागि शिक्षक तालिम तथा वैकल्पिक सिकाइका लागि आवश्यक सामग्रीहरु वितरण गरिएको छ ।

- नगरका गरिव तथा जेहेन्दार विद्यार्थीहरुलाई प्राविधिक शिक्षामा पहुँचवृद्धिका लागि इन्जिनियरिङ र अक्युपंचर अध्ययन गर्ने विद्यार्थीका लागि मेयर छात्रवृत्तिको व्यवस्था गरिएको छ।
- विद्यालयहरु बालमैत्री बनाउन प्रोत्साहन गरिएको छ।
- नेपाल सरकारको मापदण्ड अनुरुप साक्षर नगर घोषणा गरिएको छ।
- शिक्षक दरबन्दि मिलान कार्य सम्पन्न गरिएको छ।
- नमूना विद्यालयको अवधारणा अनुरुप नगरपालिकाबाट नमूना विद्यालय विकास तथा प्रोत्साहन कार्यको थालनी गरिएको छ।
- विद्यालयहरुलाई अत्यावश्यक आधारभूत स्वास्थ्य सामाग्रीको व्यवस्था गरिएको छ।
- हरित विद्यालयको अवधारणा अनुरुप सामुदायिक विद्यालयलाई सोकार्यको लागि बजेटको व्यवस्था गरिएको छ।
- विद्यालयमा अध्ययनरत छात्राहरुका लागि प्रत्येक वर्ष सेनिटरी प्याडको व्यवस्था गरिएको छ।
- विद्यालयहरुमा विज्ञान प्रयोगशाला,पुस्तकालय, सूचना प्रविधि ल्याव, प्राविधि ल्यावको निर्माण गरिएको छ।
- विभिन्न संघ संस्थाहरुसंगको साझेदारीमा विद्यालयको गुणस्तर सुधारको लागि कार्य गरिएको छ।
- एक विद्यालय एक नर्सको अवधारणा अन्तर्गत धेरै विद्यार्थीरहेको विद्यालयहरुमा नर्सको व्यवस्था गरिएको छ।
- विद्यालयहरुको तथ्यांक शैक्षिक सूचना प्रणालीमा व्यवस्थित गरिएको छ।
- प्राविधिक शिक्षालय खोल्नको लागि CTEVT सँग समन्वय र सहकार्य गर्ने गरी जग्गाको व्यवस्था गरिएको छ।
- नगरस्तरीय युवाहरुको सबै वडामा युवा क्लव ब्यवस्थित गरी उनीहरुको छलफल सम्मेलन गरी समस्या र आवश्यकता पहिचान र समाधानका कार्यक्रम लागु गर्ने गरिएको छ।
- नगर भित्र खेल पूर्वाधारको सम्भावना पहिचान गरी उपयुक्त योजना बनाई

कार्यान्वयन गर्ने कार्य गरिएको छ।

- खेल पूर्वाधारको अवस्था अनुसार नगर स्तरीय खेल आयोजना गरी खेल खेलाडीहरुलाई स्तरोन्नती गर्न प्रोत्साहन गर्ने गरिएको छ।
- विभिन्न खेल बिधाहरुमा आर्थिक सहयोग दिने गरिएको छ।
- विभिन्न खेलमा उत्कृष्ट भएका खेलाडीहरुलाई उचित सम्मान प्रोत्साहन गर्ने गरिएको छ।
- बढ्दो युवाहरुको दुर्व्यसनी र कुलतबाट टाढा राख्ने कार्यक्रम गर्ने गरिएको छ।
- नगरको विकास निर्माणमा बिभिन्न बिधामा अध्ययन गरेका युवा, स्वयंसेवक छनौट गरी संलग्न गराउने गरिएको छ।
- साथै नगर तथा वडा युवा परिषद मार्फत नविनतम कार्यक्रमहरु तयार गरी कार्यान्वयन गरिएको छ।
- युवा परिचालन र उद्यमशिलता बृद्धि गर्न "युवा सँग मेयर कार्यक्रम" अगाडी बढाइएको छ।
- युवा परिचालनको लागि नगर यूवा परिषद गठन गरि १३ वटै वडामा वडा युवा परिषद् गठन गरी युवाहरुको विकास सहभागिता र क्रियाशीलताका कार्यहरु अघि बढाइएको छ।
- युवा पर्यटन, युवा खेलकुद, युवा छलफलका कार्यक्रमलाई प्रथामिकताका साथ अघि बढाईएको छ।
- नगरपालिकास्तरीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलहरुमा नगरपालिका भित्र रहेका खेलाडीहरुको सहभागितामा भएका खेलहरुमा आयोजनालाई आर्थिक, भौतिक लगायतका सहयोगहरु उपलब्ध गराइएको छ।

## घ. जनस्वास्थ्य

*"सुलभ स्वास्थ्य सेवा र स्वस्थ नगरबासी"*

- केही स्वास्थ्य चौकीको भवन पूर्वाधार निर्माण भैसकेको छ भने आवश्यकता अनुसार अन्य स्वास्थ्य संस्थाहरुको पूर्वाधार निर्माणको लागि टेण्डर आव्हान भैसकेको छ।
- जनस्वास्थ्य महाशाखालाई आवश्यक मात्रामा साधन स्रोत उपलब्ध गराई नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरुलाई व्यवस्थित गरिएको छ।
- कोभिड-१९को रोकथाम र न्युनीकरणको लागि जनप्रतिनिधी, कर्मचारी र नगरवासीहरुको योगदानमा नगरले महत्वपूर्ण भूमिका निर्वाह गर्दै भ्यासिक्न र आवश्यक स्वास्थ्य सामग्रीहरुको व्यवस्थापन सहित परिचालन गरिएको छ।
- स्वास्थ्य नीति तयार गरी गरीब विपन्न नगरवासीहरुको लागि आवश्यकता अनुसार सहयोग उपलब्ध गराएको छ।
- न्यूनतम आधारभुत सुविधा उपलब्ध गराउन आधारभुत स्वास्थ्य केन्द्रको ४ शाखा विस्तार गरिएको छ।
- बाल स्वास्थ्य, महिला स्वास्थ्य, जेष्ठ नागरिक स्वास्थ्य, मानसिक रोग न्युनिकरणको लागि आवश्यकीय कार्यहरु गरिएको छ। साथै मनोविमर्शकर्ता तालीम गरी मनोविमर्श सेवा विस्तार गरिएको छ।
- महिला सशक्तिकरण, विकास उद्यमशीलता, सीप तालीम संचालन एवं आवश्यकता अनुसार विभिन्न संघ, संस्था, समुहलाई आर्थिक अनुदान सहयोग उपलब्ध गराईएको छ।
- नगरपालिकाको १३ वटा वडाहरुमध्ये ६ वटा वडामा मात्र स्वास्थ्य चौकी रहेकोमा थप २ वटा वडामा शहरी स्वास्थ्य केन्द्र र २ वटा वडामा आधारभूत स्वास्थ्य केन्द्र स्थापना तथा संचालन गरी आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाको संख्या ६ बाट १० पुऱ्याइएको छ।
- नगरपालिकाको एक मात्र सरकारी अस्पताल **नगर अस्पताल भवन** निर्माणाधीन रहेको तथा उक्त अस्पतालबाट मेडिकल अधिकृत (**डाक्टर**) सहित स्वास्थ्यकर्मीहरुद्वारा बहिरङ्ग (OPD) सेवा लगायतको आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न सुरु गरिएको छ।

- नगर स्वास्थ्य नीति अनुसारका अनुरुप जनस्वास्थ्यका कार्यक्रमहरु तय गरी लागु गरिएको छ।
- संघ तथा प्रदेश सरकार द्वारा हस्तान्तरित विभिन्न जनस्वास्थ्यका कार्यक्रमहरु समुदाय स्तरमा लक्षित जनसंख्या सम्म पुऱ्याईएको छ।
- आवश्यकता अनुसार विभिन्न सरकारी तथा गैरसरकारी संघ सँस्थाहरुसंगको समन्वयमा विभिन्न वडाहरुमा स्वास्थ्य शिविर संचालन गरि समुदायस्तरमै स्वास्थ्य सेवा प्रदान गरिएको छ।
- घुम्ती शिविर मार्फत् महिलाहरुको पाठेघरको मुखको क्यान्सरको पुर्वपरिक्षण कार्यक्रम संचालन गरी ३००० भन्दा बढी महिलाहरुलाई सेवा प्रदान गरिएको छ।
- "विपन्न नागरिक औषधी उपचार कोष निर्देशिका २०७५" बमोजिम नेपाल सरकारले तोकेका ८ वटा कडा रोगहरुको सहुलियत सहितको उपचारका निम्ति निवेदन प्राप्त हुँदाकै दिन सिफारिस गर्ने गरिएको (हाल सम्म ३०० जना भन्दा बढी सेवाग्राही लाभान्वित भएको) छ।
- स्वास्थ्य क्लिनिक, १५ शैयासम्मको अस्पताल तथा "D" वर्गसम्मको प्रयोगशाला संचालन स्वीकृती तथा नविकरणका लागि माथिल्लो निकायमा जानुपर्ने झन्झटिलो व्यवस्थाको अन्त्य गर्दै विद्यमान कानून अनुरुप नगरकार्यपालिका बाटै गर्ने व्यवस्था सुरु गरि सेवा प्रदान गरिएको छ।
- कोभिड-१९ रोकथाम तथा नियन्त्रणका लागि RRT (Rapid Response Team), Case Investigation Team तथा Contact Tracing Team गठन गरि परिचालन (कोभिड-१९ संक्रमण पुष्टि भएका ११००० भन्दा बढी संक्रमित व्यक्तिहरुको अनुसन्धान तथा २३००० भन्दा बढी सम्पर्कमा आएका व्यक्तिहरुको पहिचान गरी आवश्यक व्यवस्थापन गरिएको छ।
- कोभिड-१९ रोकथाम नियन्त्रण तथा व्यवस्थापनका लागि घरमै आइसोलेसनमा बसेका बिरामीहरुको Follow up, सम्पर्कमा आएका व्यक्तिहरुको Follow up, कोभिड-१९ सम्बन्धी स्वास्थ्य शिक्षा तथा मनोसामाजिक परामर्श सेवा, हेल्थ किट वितरण तथा पोषण खर्च वितरण (५५२ जना) वितरण गरिएको छ।
- कोभिड-१९ संक्रमण पुष्टि भएका संक्रमितको सम्पर्कमा आएका व्यक्तिहरु तथा अन्य जोखिम समुहका व्यक्तिहरुको (जम्मा ४२३० जना) पी.सी.आर. परिक्षण गरिएको छ।

- कोभिड-१९ संक्रमण पुष्टि भएका संक्रमितको सम्पर्कमा आएका व्यक्तिहरु तथा अन्य जोखिम समुहका व्यक्तिहरुको हप्ताको २ पटक (सोमबार र बिहिबार) वडा नं. ३ स्थित बूढानीलकण्ठ स्वास्थ्य चौकी एवं वडा नं. ११ स्थित कपन स्वास्थ्य चौकीमा नियमित रुपमा एन्टीजिन  परिक्षण (हाल सम्म परिक्षण गरिएको जम्मा ३७७५जना) गर्रिंदै आएको छ।
- घरमै आइसोलेसन बस्न नसक्ने कोभिड-१९ संक्रमण पुष्टि भएका व्यक्तिहरुका लागि नगरपालिका को वडा नं. २ स्थित बाडेपाखामा निःशुल्क आइसोलेसन केन्द्र स्थापना तथा संचालन गरी सेवा प्रदान गरिएको (७४ जना संक्रमितलाई व्यवस्थापन गरिएको) छ।
- बूढानीलकण्ठ नगरपालिका द्वारा संचालित एम्बुलेन्स द्वारा आवश्यकता भएका संक्रमितलाई संघिय सरकारद्वारा संचालित विभिन्न आइसोलेसन केन्द्रसम्म, विभिन्न COVID HOSPITAL सम्म निशुल्क पुऱ्याइएको तथा Discharge



भएपश्चात निजहरुको आवास सम्म ल्याउने व्यवस्था मिलाईएको छ।

- १८ वर्ष भन्दा माथिका सम्पूर्ण नगरबासीहरुलाई कोभिड-१९ विरुद्वको खोप सेवा प्रदान गरिएको तथा विभिन्न कारणले खोप सेवा लिन छुट भएकाहरुका लागि खोप सेवा निरन्तर प्रदान गरिदै आएको छन्।
- १२ देखी १८ वर्ष वर्षमुनिको बालबालिकाहरुलाई COVID विरुद्धको भ्याक्सिन दिईएको छ।

## ङ. उद्योग तथा पर्यटन विकास तर्फ

- बूढानिलकण्ठ नगरपालिकामा आन्तरिक र बाह्य पर्यटन प्रवर्द्धन गर्न बूढानिलकण्ठ पर्यटन बोर्ड गठन गरिएको छ।
- बूढानीलकण्ठ पर्यटन बोर्डबाट नगरभित्रका धार्मिक, ऐतिहासिक,पुरातात्विक सम्पदाहरुको दृष्य सम्बन्धी भिडियो निर्माण गरी प्रचार प्रसार गरिएको छ।
- Digital display board र QR code को स्थापना गरिएको छ।
- यस नगरपालिकामा रहेका उधोग तथा व्यवसायहरुको हालसम्म पनि आधिकारीक सुचि तथा विवरण नभएको पाइएकाले सो कार्यको निम्ति वडासँग सहकार्य गरी आवश्यक तथ्याङ्क सङ्कलन गर्ने प्रकृया सुरु गरिएको छ।
- यस नगरपालिका भित्र विभिन्न उद्यम तथा व्यवसाय गरि आउनुभएका नगरवासिहरु मध्ये गत आ.व मा जना व्यवसायीहरुलाई वित्तिय टेवा प्रदान गरिएको छ भने यस आर्थिक वर्षमा थप ३३ जनालाई वित्तिय टेवा दिनको लागि सुचना आव्हान गरि मुल्यांकन भईरहेको छ।
- बूढानीलकण्ठ नगरपालिकाका वडा नं. ५, ७, ८ र ११ मा नयाँ लघु उद्यमी सिर्जनाका लागि ८ दिने उद्यमशिलता विकास तालिम - ८४ जना
- १० दिने अचार बनाउने तालिम -२५ जना
- १५ दिने डल तथा कुशन बनाउने तालिम - २८ जना
- ४५ दिने एडभान्स सिलाई कटाई तालिम - १४ जना लाई तालिम प्रदान गरिएको छ।

## च. वन, वातावरण तथा विपद् व्यवस्थापन

- नगरपालिका भित्र रहेको सार्वजनिक जग्गामा वृक्षारोपण गर्ने कार्य आवश्यकतानुसार गरिएको छ।
- सार्वजनिक जग्गामा भएका रुख विरुवा क्षति पुऱ्याउन,नोक्सानी गर्न नपाउने नियम जारी गरिएको छ।
- सामुदायिक वन क्षेत्रलाई स्थानीय वन संरक्षण उपयोग र स्थानीय विकाससंग साझेदारी गर्न सहकार्य र समन्वय गर्न छलफल र सहजीकरण गरिएको छ।
- निर्माण सम्पन्न सडकहरुमा सम्भव भएसम्म हरियाली प्रर्वधन गर्न विरुवा रोप्ने कार्य गरिएको छ।
- धोवीखोला करिडोरमा व्यवस्थित रुपमा वोट विरुवालाई हरियाली गर्ने कार्य अघि बढाइएको छ।
- नगरको फोहर न्यूनिकरण गर्दै संकलन गरि व्यवस्थापन गर्न नीजि क्षेत्रसँग सहकार्य गरिएको छ।
- स्थानीय क्षेत्रमा Plastic न्यूनीकरण गर्ने, नमूना फोहरमैला व्यवस्थापन गर्न गैरसरकारी संस्थासँग Piloting अलि वढाईएको छ।
- नगरभित्र फोहोर मैला व्यवस्थापन केन्द्र बनाउने उपयुक्त ठाउँको व्यवस्था गर्न कठिन भएकोले उपत्यको १० वटा नगरसहित संयुक्त योजनामा महानगरसँग सम्झौता गरिएको छ।
- नगरको घरघरको फोहर न्युनिकरण गर्न फोहरवाट मल बनाई कौशी खेती र शहरी हरियाली वृद्धिको लागि करिब ५००० डस्टविन वितरण गरिएको छ।
- नगरबाट निर्माण भएका पार्कहरुमा उपयुक्त प्रकृति प्रेमी विरुवाहरु लगाई हरियाली वढाउने नीति अनुसार वृक्षारोपण गरिएको छ।
- व्यक्तिगत घर निर्माण सम्पन्न गर्दा कम्तिमा २ वटा रुख रोप्नुपर्ने नीति लिइएको छ।
- विपद व्यवस्थापनसम्बन्धी नीतिहरु कार्ययोजना तय भएको छ।
- विपद व्यवस्थापन स्वयंसेवक परिचालन कार्यविधी लागु गरिएको।
- करिब ३०० जना स्वयंसेवक तयार गरिएको छ।
- नगरस्तरीय तथा वडास्तरीय विपद व्यवस्थापन समितिहरु गठन गरी कृयाशिल रहेको छ।
- विभिन्न निकायहरु (नेपाल रेडक्रस सोसाईटी, नेपाली सेना) सँग समन्वय गरी

विपद व्यवस्थापन तालिम संञ्चालन गरिएको छ। शंकटासन्न विपन्न परिवार छनौट गरी जीवनवृत्ती कार्यक्रम शुरु गरिएको छ।

- विपद व्यवस्थापन जोखिम न्युनिकरण तालीम र प्रदर्शन रिहर्शल साथै Mitigation कार्यक्रम संञ्चालन गरिएको छ।
- प्रत्येक वडामा विपद व्यवस्थापन सम्बन्धी सामग्री व्यवस्था गरिएको छ।
- संकटाशन्न केहि वस्तीलाई व्यवस्थित गरी २५ घर पुर्नवास गरिएको छ।
- विपद व्यवस्थापन र उद्दारका सूचना दिने गरी सार्वजिनक सूचना वोर्डको व्यवस्था गरिएको छ।
- वर्षात्को कारण नोक्सानी पुगेका कृषि वाली विरुवा खेतीको लागि राहत बितरण गरिएको छ।
- वर्षात्को कारण बाढी पहिरो तथा बिपद्मा परेका सार्वजनिक स्थल एवं ब्यक्तिहरुको तत्काल उद्धार र संरक्षणको लागि नगरस्तरीय बिपद् व्यवस्थापन समितिको निर्णयबाट सिफारिस भएका स्थानहरुमा वाढी पहिरोवाट क्षति पुगेको ठाँउमा करोडौंको संरक्षण सहयोग योजना बनाई उपलब्ध गराइएको छ।
- आ.व. २०७४/०७५ मा नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन निर्माण गरि विपद् व्यवस्थापनका समग्र कार्यलाई व्यवस्थीत र प्रभाबकारी बनाईएको छ। आ.व. २०७४/०७५ मा विपद् व्यवस्थापन कोषको स्थापना गरी रकम विनियोजन गरिदैं आएको छ।
- आ.व. २०७४/०७५ मा स्थानीय विपद् व्यवस्थापन कोष संचालन कार्यविधि निर्माण गरी कोष संचालन  प्रकृयालाई व्यवस्थीत गरिएको छ।
- विपद् जोखिम व्यवस्थापनका कार्यहरुलाई संस्थागत गरी विपद्का दृष्टिले सुरक्षित समुदायको निर्माण गर्नका लागि स्थानीय तहका आवधिक र वार्षिक कार्यक्रममा समेत मूलप्रवाहिकरण गरी दीगो विकास गर्नका लागि आ.व. २०७४/०७५ मा स्थानीय जलवायु तथा अनुकूलन उत्थानशील योजना तर्जुमा गरिएको छ।
- १३ वटै वडाहरुमा वडास्तरीय विपद व्यवस्थापन समितिको गठन गरि सम्बन्धीत समिति मार्फत कामहरु संचालन गरी नेपालको संविधानले स्थानीय सरकारलाई प्रधान गरेको कार्यकारिणी अधिकारको प्रभावकारी र उचित प्रयोग गरिएको छ।
- बूढानीलकण्ठ नगरपालिकामा हालसम्ममा एक /एक वटा संख्यामा एम्बुलेन्स, जेसिबी, ट्रक र वारुण यन्त्र खरिद गरी विपद् न्यूनीकरण, रोकथाम तथा प्रभावित समुदायलाई व्यवस्थीत, प्रभावकारी, जवाफदेहीयुक्त, मानवीय सहयोग उपलब्ध गराउने उद्देश्यले संचालनमा ल्याइएको छ।

- वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ तर्जुमा गरी कार्यान्वयनमा ल्याईएको छ।
- फोहरमैला व्यवस्थापन कार्यलाई सहज तरीकाले अगाडी बढाउन फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ कार्यान्वयनमा ल्याईएको छ ।
- आ.व. ०७७/०७८ मा "विपद् प्रतिकार्यका लागि सामुदायिक पहल" (CADRE) चार दिने तालिम नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा SURE द्वारा बूढानीलकण्ठका १८ नगर प्रहरी तथा कर्मचारीका लागि संचालन गरिएको छ।
- नगर प्रहरीलाई आगलागी जस्तो विपद् यसको प्रतिकार्यका लागि सक्षम बनाउन ७ दिने अग्नि निवारण तालिम संचालन गरिएको छ।
- नगरपालिकाको विभिन्न वडामा आगलागिका कारण क्षति भएका घर परिवार लाई राहत सामाग्री पठाइएको तथा विभिन्न प्रकारका विपद्जन्य घटनाबाट प्रभावितलाई त्रिपाल, प्लाष्टिक र नगद सहयोग प्रदान गरिएको छ।
- विपदमा परेका व्यक्ति, परिवार र समुदायलाई तत्काल उद्धार गरी मानवीय सेवा प्रदानमा सहयोग गर्न उद्धार, राहत सामाग्री खरिद गरी भण्डारण तथा वितरण गरिएको छ।
- नगर प्रमुख तथा वडा नं १, ५ र १३ मा अध्यक्षहरुको उपस्थितिमा नेपाल रेडक्रस जिल्ला शाखा उत्थानशील नगर प्रवर्धन र सहभागिता कार्यक्रम अन्तर्गत विपद् जोखिम न्यूनिकरण कार्यलाई प्रभावकारी बनाउन खोज तथा उध्दारका सामाग्रीहरु हस्तान्तरण गरियो व्यवस्थापन गरिएको छ।
- विभिन्न चरणमा नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृत तथा नगरस्तरीय विपद् व्यवस्थापन समितिको उपस्थितिमा विपद् न्यूनीकरण तथा विपद् प्रभावितलाई सहयोग गर्ने विषयमा अन्तक्रिया गरिएको छ।
- वर्षातका कारण पुगेको क्षति रोकथाम तथा न्यूनिकरण गर्नका लागि RRT (RAPID RESPONSE TEAM) खडा गरी वन, वातावरण तथा विपद् व्यवस्थापन समितिका पदाधिकारीहरु र प्राविधिक टोली सहित विभिन्न वडाहरुमा स्थलगत अनुगमन गरी क्षति भएको स्थानहरुको विवरण टिपोट गरी नगरस्तरीय विपद् व्यवस्थापन समितिमा आर्थिक सहयोगको लागि सिफारिस गरिएको छ।
- शहरी हरियाली र कौशी खेतीबाट वातावरणमा सकारात्मक विकासका लागि कार्यक्रम गर्ने व्यवस्था गरेकोमा शहरी हरियाली तर्फ नगरपालिकाको न्यूरो अस्पताल देखि विष्णुमती पूल सम्म सडकका दुई किनारामा रहेका बिरुवाहरुको गोडमेल तथा थप गर्ने कार्य गरिएको छ।

- सार्वजनिक स्थानहरुमा छाडा छोडिएका जनावरहरुलाई पशु सेवा शाखासंग समन्वय गरी अन्यन जिल्लामा रहेको पशु संरक्षण गर्ने संस्थासंग समन्वय गरी पठाईएको छ।
- वडा नं ११ को मुख्य सडकमा १०० वटा केज सहितको बिरुवा राखी शहरी सौन्दर्य र हरियाली प्रवर्द्धन कार्य सम्पन्न गरिएको छ।
- नगरपालिकाको मुख्य प्रशासनीक भवन परिसरमा मिनि गार्डेन तथा भवन भित्र indoor Plants राख्ने कार्य गरिएको छ।
- सार्वजनिक स्थानमा मृत अवस्थामा रहेका जनावरहरुको तत्काल उचित व्यवस्थापनका लागि गैर सरकारी संस्थासँग सम्झौता गरी कार्य गरिरहेको छ।
- नगरपालिकाको मुख्य सडकमा फोहर व्यवस्थापनका लागि डस्टविन राख्ने कार्य गरिएको छ।
- फोहरमैला व्यवस्थापनमा कार्यरत संघ-संस्थाहरुलाई प्रभावकारी रुपमा परिचालन गर्नका लागि विभिन्न चरणमा नगरप्रमुख उपप्रमुख प्रमुख प्रशासकीय अधिकृतको उपस्थितिमा संघ-संस्थाका प्रतिनिधिहरुसंग छलफल र अन्तरक्रिया गरिएको छ।
- बूढानिलकण्ठ नगरपालिका र काठमाडौं महानगरपालिका वडा नं. ७ को सिमानामा रहेको धोबीखोला करीडोरमा शहरी सौन्दर्यकरण र हरियाली प्रवर्द्धनका लागि विभिन्न प्रजातीका ३२५० वटा बिरुवाहरु वृक्षारोपण गर्ने कार्य सम्पन्न गरिएको छ।
- २०७८ आषाढ देखि हालसम्म विभिन्न किसिमका विपद्बाट प्रभावित कृषक, कृषक समूह, पशुपन्छी  समूह तथा व्यक्तिलाई नगरस्तरीय विपद् व्यवस्थापन समितिको सिफारीसमा कार्यपालिका निर्णय गरी क्षतिपूर्ति प्रदान गरिएको छ।
- वडा नं ८ मा रहेको सार्वजनिक स्थानहरुमा भूक्षय नियन्त्रण तथा वातावरण संरक्षणका लागि १०५० वटा एभोकार्डो बिरुवा वडा कार्यालयसँगको समन्वयमा वृक्षारोपण गर्ने कार्य सम्पन्न गरिको छ।
- बूढानीलकण्ठ नगरकार्यपालिका परिसर भित्र फोहरमैला व्यवस्थापनका लागि फोहरमैला व्यवस्थापन केन्द्र निर्माण कार्य अगाडि बढाईएको छ।
- चुनिखेल भद्रकाली बालुवा प्रशोधन केन्द्र संचालन सम्बन्धी विषयमा १३ नं वडा कार्यालय परिसरमा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरिएको छ।

## छ लैङ्गिक समानता तथा महिला सशक्तीकरण

- ज्येष्ठ नागरिक परिचयपत्र वितरण निर्देशिका २०७४, अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि, २०७५, बाल अधिकार समिति गठन तथा परिचालनकार्यविधि २०७७, बालकोष संचालन कार्यविधि २०७७, स्थानीय लैंगिक हिंसा निवारण कोष संचालन कार्यविधि,२०७७, बीउपुंजी परिचालन निर्देशिका २०७७, मानव बेचबिखन तथा ओसारपसार( नियंत्रण) समिति गठन तथा व्यवस्थापन कार्यविधि २०७७, लागु गरिएको छ।
- लैंगिक समानता तथा समावेशीकरण नीति, बाल अधिकार संरक्षण तथा सम्वर्धन कार्यविधि, एकल महिला सुरक्षा कोष कार्यविधि को मस्यौदा तयार गरिएको छ।
- बालक्लब वडा नगर/संजाल, ज्येष्ठ नागरिक वडा /नगर समिति महिला समुह / समिति सञ्जाल, बाल अधिकार वडा /नगर समिति,मानवबेचबिखन तथा ओसार पसार (नियंत्रण) वडा /नगर समिति बाल कोष, रु.५,००,०००। लैङ्गिक हिंसा निवारण कोष, रु.३,००,०००। बीउपुंजीकोष रु १०,००,०००। स्थापन्ना तथा गठन गरिएको छ।



- लैंगिक हिसा निवारण सम्बन्धी विभिन्न संघ संस्था महिला समुह संग ३६ पटक सहकार्यमा एक दिवसीय कार्यक्रम तथा अन्य गोष्ठी, कार्यशाला, अनुशिक्षण कार्यक्रम संचालन गरी, सन्र्दभ सामाग्रीको वितरण गरिएको छ।
- मनोविमर्श सेवा १९ जनालाई, लैङ्गिक विभेद, हिंसा निवारण तथा बाल संरक्षण सम्बन्धी न्यायिक समितिका  सदस्य, जनप्रतिनीधि, अगुवा महिला मेलमिलापकर्त्ताहरुको लागि क्षमता विकास तालिम संचालन गरिएको।
- मानव बेचविखन तथा ओसारपसार नियन्त्रण समिति गठन, सचेतना, अन्तरक्रिया, कार्यशाला शान्ति फाउण्डेशन, शक्ति समुहको समन्वय संचालन गरिएको।
- सामाजिक सचेतना अभियान रुपमा विभिन्न निकायको सहयोगमा सहकार्यमा महिला हिंसा, मानव बेचविखन, लैङ्गिक विभेद, लैङ्गिक हिंसा/घरेलु हिंसा, बाल विवाह, बाल यौन दुर्व्यबहार,लागु पदार्थ, साइबर क्राइम, कुरीति  अन्त्यका लागि सामाजिक रुपान्तरण गरिएको।
- विविध दिवसीय कार्यक्रम अन्र्तगत आयोजना १६ दिने अभियान,अपांगता दिवस,महिला दिवस, ज्येष्ठ नागरिक दिवस, बाल अधिकार दिवस, मानव बेचविखनविरुद्धको दिवस जस्ता कार्यक्रम संचालन गरिएको।
- लैंगिक समानता तथा महिला सशक्तीकरण बाल अधिकार ज्येष्ठ नागरिक अपाङ्गता भएका व्यक्ति को अधिकार का क्षेत्रमा कार्यरत सरोकारका निकाय बीच समन्वय सहकार्य कार्यक्रम गरिएको।
- सूचना व्यबस्थापन तथा अभिलेखीकरण अध्ययन लैंगिक परीक्षण अनुगमन (बालगृह, आवासीय गृह महिला समूह, संघसंस्थाको अध्ययन अनुगमन र मुल्याङ्कन गरिएको।
- ज्येष्ठ नागरिक परिचयपत्र अन्र्तगत १४१६ महिला, १४८७ पुरुष जम्मा २९०३ जना र अपाङ्गता परिचय पत्र अन्र्तगत पुर्ण अशक्त ७०, अति अशक्त ८०, मध्यम २२ ,सामान्य ३,जम्मा १७५ जनालाई वितरण गरिएको छ।

## ज. कृषि विकास तर्फ

काठमाडौं उपत्यकामा जनघनत्व बढ्दै गएको परिप्रेक्षयमा यस नगरपालिकामा समेत व्यक्तिगत घरहरु निर्माण गर्ने क्रम बढ्दै गएकोले कृषि क्षेत्र कमि हुदै गएको छ। नगर भित्र रहेको खाली कृषी योग्य भूमिमा आधुनिक प्रविधिवाट कृषि उत्पादनमा वृद्धि गर्न संगठित रुपमा रहेका ४० भन्दा बढि व्यवसायिक समूहहरुलाई निम्न अनुसार सहयोग पुऱ्याउदै आएको सेवा सुविधाहरु वेग्लै अनुसूचीमा हेर्न सक्नेगरी प्रस्तुत गरिएको छ। मूख्यता कृषि क्षेत्रमा गरेका कामहरुको संक्षिप्त रुपमा उल्लेख गरिएको छ।

- कृषिमा लाग्ने व्यक्ति र समूहहरुलाई विभिन्न तालीम परामर्श प्रदान गरी मल, विउ, औषधी, कृषि औजारको लागि पटक पटक आर्थिक अनुदान सहयोग उपलब्ध गराइएको छ।
- कृषि क्षेत्रमा आउने दैवीप्रकोप, महामारी, नोक्सानी वापत न्युनतम राहत उपलब्ध गराइएको छ।
- कृषि उत्पादन बजारीकरण प्रवर्द्धनमा सहयोग पुऱ्याइएको छ।
- कृषि पेशामा लाग्नु हुने कृषकहरुलाई संघ तथा प्रदेश सरकार र स्थानीय तहबाट सहजीकरण, सल्लाह र सहयोगको लागि स्थानीय रुपमा सहजीकरण गरीएको छ।
- कृषि क्षेत्रको अन्नवाली उत्पादन, तरकारी वाली, फलफूल नर्सरी, पुष्प व्यवसायी, पशुपालन क्षेत्रमा ३ तहको सरकारको सहयोग अनुदान कार्यान्वयन, उपयोग सदुपयोग गरी आर्थिक विकसम सहजीकरण अनुगमन, अभिलेखिकरण गर्दै आएको छ।
- पशुपंक्षी विकास नीति बूढानीलकण्ठ निर्माण गरेको । कृषि नीति निर्माणको क्रममा रहेको छ।
- पाँच (५) वर्षमा झण्डै ३ करोड कृषि क्षेत्रमा अनुदान सहयोग प्राप्त गर्न कृषकहरुलाई मद्दत पुऱ्याएको छ।ख
- नगरपालिका भित्र उपभोक्ता सहकारी पसल संख्या वृद्धि भई कृषि मार्फत उत्पादित वस्तुको बजारीकरण र व्यवस्थापनको लागि सहकारीले उपभोक्ताको संगठित विकासमा टेवा पुऱ्याईएको छ।

- कृषि क्षेत्रको आर्थिक गतिविधीको वृद्धिवाट स्थानीय राजस्व आम्दानीमा वृद्धि भएको छ।
- बढ्दो शहरीकरण र वस्ती विकासको कारण उद्योग क्षेत्र र रोजगार ग्राम चयन गर्न समस्या भएको। सानो आकारमा भएपनि रोजगार केन्द्रको स्थापना र गतिविधी अगाडि बढेको छ।
- कृषि सम्बन्धी थुप्रै सीप तथा तालीम कार्यक्रम संचालन गरिएको छ।
- वडाहरुवाट स्थानीय रुपमा कृषि, पशु, रोजगार कार्यक्रम संचालन गरिएको तर अपेक्षाकृत आत्मनिर्भर व्यवसाय वृद्धि हुन जटिल भएको छ।
- साना तथा घरेलु, विपन्न परिवार तथा सामूहिक संस्थागत व्यावसायीहरुलाई व्यवसाय स्तरउन्नाति र व्यवस्थित गर्न आर्थिक अनुदान उपलब्ध गराइएको छ।




अन्तमा,

नेपालको राजधानी काठमाण्डौ महानगरसँग जोडिएका नगरपालिका भएकोले देशभरीका नागरिकहरुको रोजाईको क्षेत्र पनि भएको छ। जसको कारण पहिलेको अवस्थामा रहेको खुल्ला कृषि क्षेत्र साँघुरिदै आवासिय शहर वन्ने क्रम वढ्दै छ। खुल्ला क्षेत्र कम हुदै छ। जनसंख्याको घनत्व अनुसार आधारभुत शहरी सेवा केन्द्रहरुको व्यवस्था गर्न कठिन भएको छ।

उत्तरतर्फ रहेको हरियाली भिरालो जंगल राष्ट्रिय निकुन्जको नीति नियमको कडाई र पर्यटकीय गन्तव्यहरु निर्माण गर्न कठिनाइ छ।शहरी फोहर व्यवस्थान र सौन्दर्यता वृद्धिको लागि खुल्ला जमिनको कमि छ। आय आर्जन र रोजगारीको अवसर वृद्धि गर्ने कार्य चुनौतीपूर्ण छ। मानिसको जीवन मापनसँग सम्बन्धित सेवामूलक व्यवसायलाई एकिकृत गर्ने र रोजगार वृद्धि गर्ने कामको लागि व्यवसायिक क्षेत्र छुटयाउन कठिन भएको छ। नगरको आयस्रोत वृद्धिको आधार पहिचान गरी विकास गर्नुपर्ने चुनौतीपूर्ण उद्देश्यमा सवैको राय, सल्लाह र सहयोग समन्वय विना सम्भव छैन।

तसर्थ नगरको सम्वृद्धि र नगरवासीहरुको खुसीको लागि तय गरिएको साझा नारा स्वच्छ शान्त सम्वृद्ध,पर्यटकीय नगर बूढानीलकण्ठको लक्ष्य प्राप्तिको लागि सवै क्षेत्र तह सहित नगरवासीको सकारात्मक भूमिकावाट मात्र सम्भव हुन सक्ने विश्वास गर्न सकिन्छ।

## वडा नं-१


फूलबारी मार्ग (नमुना बस्ती) सडक कालोपत्रे


डुकुर्नी देवी पार्कमा सिढी निर्माण


डुकुर्नी देवी सडक ढलान



सत्तरुद्रेश्वर महादेव मन्दिर


मल्ल मार्ग सडक ढलान


तारा मार्ग स्थित सडक कालोपत्रे


## वडा नं-२


तौलुङ चिहान डाँडामा सिढी निर्माण


सेल्फी पुल



जेष्ठ नागरिक पार्क


रुद्रेश्वर सामुदायिक क्रिया पुत्री भवन


कालिका पार्क


मध्य वासिक स्थित सडक ढलान


वाडेपाखामा खानेपानी ट्यांकी


रुद्रेश्वर महादेव मन्दिर

# वडा नं-३


बूढानिलकण्ठ मन्दिर परिसर


हातेमालो रम्तेल समाज क्रियापुत्री भवन


ध्रुवतारा सार्वजनिक शैक्षिक गुठीको भवनको तला थप


चन्दननाथ मार्गमा ब्लक छाप्ने कार्य


चिसिनी मार्ग, भण्डारी टोल सडक ढलान


सगुन मार्ग सडक ढलान




निलो पुलदेखि मुहान पोखरी जाने सडक स्तर उन्नति


# वडा नं-४



धन्य ढिकुरो संरक्षणका लागि वाल निर्माण



भसन्थली, पहिरो नियन्त्रण




आर्थर मार्ग



घाटेपाटी क्रियापुत्री भवन



मध्ये पासिकोट स्थित सडक कालोपत्रे

## वडा नं-५



डाँडा गाउँ ग्रिन भ्याली सडक ढलान



विष्णुमतीदेखि डाँडा गाउँसम्मको सडक कालोपत्रे



थारथोक खानेपानी ट्यांकी



विष्णुमती पार्क तथा खुल्ला संरक्षण



आइतबारे पार्कमा सिढी निर्माण



थार्थोकदेखि दुलाल टोलसम्मको सडक ढलान

## वडा नं-६


लुडे खोला कोरिडोर निर्माण


धरमपुर संरक्षण


पोखरी निर्माण


लुडेखोला पार्क निर्माण


खड्का गाउँ चोकदेखि लुडेखोला चुनदेवी सडक कालोपत्रे


सृजनशील नगरकोटी समाजमा सडक ढलान


ओखल गाउँ स्थित बुद्धमार्गमा ढुंगा छाप्ने


नमुना बस्ती हुँदै कपुरचोक जाने सडक ढलान सम्बन्धी कार्य

# वडा नं.-७



वडा कार्यालय माथिको सडकमा ढुंगा छाप्ने कार्य


धरमपुर जाने सडक ढलान


गोल्फुटारबाट हेपाली हुँदै च्यासुनडोल जाने सडक कालोपत्रे



वडा नं. ६ र ७ को टन गाउँ जाने सडक ढलान


हेपाली हाइटबाट बाल अस्पताल जाने सडक ढलान


ढढ गाउँ स्थित गणेश मन्दिर


वडा कार्यालय जाने सडक कालोपत्रे

# वडा नं-८



लोकेश्वर मार्गमा वाल निर्माण


रुद्रमती टोलमा सडक कालोपत्रे





सामुदायिक भवन निर्माण, सुन्दरबस्ती


बिगमार्टदेखि धुम्बाराही बसपार्क तर्फको सडक ढलान


गोल्फुटार बास्केटबल कोट

# वडा नं-९






धोवी खोला कोरिडोरमा वृक्षारोपण




सडक बत्ती जडान




मण्डिखाटार क्रियापुत्री भवन

# वडा नं-१०


भूकम्प स्मृति पार्क


रणबहादुर मार्गमा सडक कालो पत्रे


बालुवाखानी चोकबाट निखलेश्वर मन्दिरसम्म सडक कालोपत्रे



गणेश पथ साप्रे ढुंगा भित्री सडक कालोपत्रे


सूर्यदय कोलोनीमा सडक ढलान

# वडा नं-११


ह्याण्ल ग्राउण्ड गणेश मन्दिर हुँदै एकता बस्ती सडक कालोपत्रे


कृष्ण मन्दिर सडक ढलान


ग्राम शिक्षा मन्दिरको ट्रष्ट भवन निर्माण


कृष्ण मन्दिर


शिव मन्दिर मार्गमा खानेपानी बोरिङ्ग

# वडा नं-१२


तेन्जिङ चोक महिला भवन


सार्वजनिक जग्गा संरक्षण लाखे पोखरी


सरस्वती मार्ग सडक ढलान


कारखाना चोकदेखि खरीबोटसम्मको सडक ढलान


फैका चोकदेखि लाखेपोखरीसम्मको सडक ढलान

## वडा नं-१३



गाम्चा भद्रकालि पार्क



सुवर्ण शम्शेर क्रिकेट मैदानमा सेयर वाल निर्माण



सापाटार सार्वजनिक जग्गा सिढी निर्माण



रिखिलेश्वर मन्दिर निर्माण



श्री सिद्धि गणेश मन्दिर



गाम्चा सडकमा वाल निर्माण

**समपुरक योजना अन्तरगत जि.स.स. र नगरपालिककाको लगानीमा निर्माणाधिन वडा नं. २ को वडा कार्यालय भवन**



**समपुरक योजना अन्तरगत जि.स.स. र नगरपालिककाको लगानीमा निर्माणाधिन वडा नं. ७ को वडा कार्यालय भवन**



नगरपालिकाको मुख्य प्रशासनिक भवनसँगै निर्माणाधिन सभाहल भवन



निर्माणाधिन नगर अस्पताल भवन, बू.न.पा. १०



बू.न.पा. १० स्थित निर्माणाधिन ह्याण्डवल बहुउदेश्यीय भवन

